फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:- ०७८/७९
चलानी नम्बर:- ११९३

मिति:- २०७८/०५/३०

विषय :- संविधान दिवस मनाउने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै), मकवानपुर ।

श्री जिल्लास्थित सरकारी कार्यालय (सबै), मकवानपुर ।

श्री जिल्लास्थित सार्वजनिक संस्थान (सबै), मकवानपुर ।

प्रस्तुत विषयमा संविधान दिवस मनाउने सम्बन्धमा श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. १२३, मिति २०७८-०५-२७ को पत्रको छाँयाप्रति पाना १ (एक) र मा. मुख्यमन्त्रिज्यूको अध्यक्षतामा बसेको तयारी बैठकको निर्णयको छाँयाप्रति पाना २ (दुई) यसैसाथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्र र निर्णयबाट अवगत गर्नुभई संविधान दिवस, २०७८ यही असोज २, ३ र ४ गते तीन दिनसम्म हर्षोल्लासपूर्वक भव्यताकासाथ मनाउने व्यवस्था मिलाउन हुन आदेशानुसार अनुरोध छ ।

२०७८/५/३०
गुणराज प्रसाद न्यौपाने
प्रशासकिय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

*अत्यन्त जरुरी*

पत्र संख्या:- संविधान दिवस-२०७८

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- 923

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति: २०७८।०५।२७

श्री जिल्ला प्रशासन कार्यालय, सबै।

विषय: **संविधान दिवस मनाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा संविधान दिवस, २०७८ यही असोज २, ३ र ४ गते तीन दिनसम्म हर्षोल्लासपूर्वक भव्यतासाथ मनाउने सन्दर्भमा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूको अध्यक्षतामा मिति २०७८।०५।१७ गते बिहीबार बसेको मूल समारोह समितिको बैठकबाट स्वीकृत कार्यक्रम अनुसार जिल्लास्तरमा तपसिल बमोजिमका कार्यक्रमसहित दिवस मनाउने व्यवस्था मिलाउनुहुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१. जिल्लास्थित सबै सरकारी, सार्वजनिक कार्यालय र सामुदायिक संघ-संस्थाहरुले राष्ट्रिय झण्डा एवं व्यानर सजाई कार्यालय र परिसरको सरसफाई गर्ने।
२. जिल्लाभित्र रहेका धार्मिक-सांस्कृतिक एवं ऐतिहासिक सम्पदास्थलहरुको सरसफाईसहित सौन्दर्यीकरण अभिवृद्धि गर्ने।
३. जिल्लास्थित सबै सरकारी तथा सार्वजनिक निकायका कार्यालयहरु र सार्वजनिक महत्वका सम्भाव्यस्थलहरुमा दीप प्रज्ज्वलन गर्ने तथा जिल्लावासी आमनागरिकहरुका घर-घरमा साँझ दीपावली गर्न अनुरोध गर्ने।
४. स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमबाट संविधानको महत्वका विषयमा विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रकाशन-प्रसारण गर्न लगाउने।
५. संविधान दिवसका सन्दर्भमा संघ, प्रदेश र स्थानीय पालिका एवं सरकारी, गैरसरकारी तथा सामुदायिक संघ-संस्थाहरुबाट आयोजना तथा सञ्चालन हुने सिर्जनात्मक तथा रचनात्मक एवं सन्देशमूलक तथा जनचेतनामूलक कार्यक्रमहरुमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने, गराउने।
६. जिल्लास्थित मठ-मन्दिर, बुद्धविहार, मस्जिद, गुरुद्वार, चर्च लगायत धार्मिक स्थानहरुमा पुजारी-धर्मगुरुहरुबाट नित्य धार्मिक अनुष्ठान/सङ्कल्प गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरुको आत्मको चीरशान्तिको कामना एवं उच्च सम्मान तथा श्रद्धा प्रकट गर्दै पूजापाठ तथा प्रार्थना गर्ने।

(भीमकान्त शर्मा)
उपसचिव

२. २०७८ साल असोज २, ३ र ४ गते संविधान दिवसलाई राष्ट्रिय दिवसको रुपमा भव्यताका साथ मनाउन देहाय अनुसारको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

कार्यक्रम

- असोज २, ३ र ४ गते प्रदेशभर नगर सरसफाई, कार्यालय/घर परिसर सरसफाई गर्ने/गराउने ।
- सञ्चार माध्यम ( रेडियो, यफ, यम र टेलिभिजन ) मा परिसम्बाद कार्यक्रम गर्ने/गराउने र यसको ब्यबस्थापनको जिम्मा सञ्चार रजिष्ट्रारको कार्यालयलाई दिने।
- पत्रपत्रिकामा संविधानसँग सम्बन्धित लेख, रचना र विशेषाङ्क प्रकाशन गर्ने र यसको जिम्मेवारी सञ्चार रजिष्ट्रारको कार्यालयलाई दिने ।
- ५ कि. मि. खुल्ला सडक दौड र ब्याडमिन्टन प्रतियोगिता आयोजना गर्ने, यसको संयोजन जिल्ला खेलकुद विकास समिति, मकवानपुरले गर्ने र व्यवस्थापनमा आवश्यक खर्च आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।
- खुल्ला दौड प्रतियोगिताका विजेतालाई प्रथम पुरस्कार रु. १५,०००।- द्वितिय पुरस्कार रु. १०,०००।- तृतिय पुरस्कार रु. ५,०००।- र ब्याडमिन्टन प्रतियोगिताका विजेता टोलीलाई प्रथम पुरस्कार रु. ३५,०००।- द्वितिय पुरस्कार रु. २५,०००।- तृतिय पुरस्कार रु. १५,०००।- प्रदान गर्ने ।
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको संयोजनमा सार्वजनिक स्थान र कार्यालय परिसर लगायतमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने ।
- असोज २ गते प्रदेश यूवा परिषद्को संयोजनमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने ।
- कृषि, भूमि ब्यवस्था तथा सहकारी मन्त्रालयको ब्यवस्थापनमा मानव सेवा आश्रम, हेटौंडामा फलफूल वितरण गर्ने ।
- असोज २, ३ र ४ गते प्रदेश भर सरकारी कार्यालय, उद्योग प्रतिष्ठान, शैक्षिक संस्था, सामाजिक संघ संस्था लगायतमा साँझ अनिवार्य दिपावली गर्ने / गराउने र सर्वसाधारणलाई पनि दिपावली गर्न आव्हान गर्ने ।
- असोज ३ गते विहान ८:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रङ्गणमा भौतिक दुरी कायम गर्दै मञ्चको कार्यक्रम संक्षिप्तरुपले सञ्चालन गर्ने र यसको ब्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

सचिव

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

- असोज ३ गते साँझ गैर सरकारी संस्था महासंघ, मकवानपुरको संयोजनमा बुद्धचौक, हेटौंडामा दीप प्रज्वलन कार्यक्रम गर्ने ।
- असोज ३ गते साँझ बागमती प्रदेश प्रहरी क़ार्यालयले musical therapy कार्यक्रम बुद्धचौक, हेटौंडामा सञ्चालन गर्ने ।
- असोज ३ गते सुरक्षा निकायले विगुल बजाउने, तोप र बन्दुक बढाई गर्ने ।
- सार्वजनिक स्थल, कार्यालय र जनताका घरघरमा राष्ट्रिय झण्डा फहराउने र फहराउन आव्हान गर्ने ।
- जि.स.स.ले आफ्नो क्षेत्र भित्रका सबै स्थानीय तहमा भव्यताका साथ संविधान दिवस मनाउन अनुरोध गर्ने ।
- जिल्ला प्रशासन कार्यालयहरुले यसैबमोजिम तथा आवश्यक्तानुसार थप कार्यक्रम गर्ने गराउने ब्यवस्था गर्ने ।

सचिव

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल